# नेपाल गजेट

नेपाल सरकारद्वार प्रकाशित

काठमाडौं वैशाख २८ गते २०११ साल


## भाग १२

## योजना विकाश तथा कृषिमन्त्रालयको विज्ञप्ति

से.फा हा आ. नं. ११२।२३।०११ १८।१।०११

अफिसर अन स्पेसल ड्यूटी कृषि रापती दून विकाश अफिसर श्रीकृष्णवम मल्लले मकवानपुर, हेटौंडा, चितौन इलाका हेटीया माढी, हेटौंडा वसा माढी र मौली पुतापुर, वसन्तपुर, दर्दारा इत्यादि मकवानपुर जिल्लाअन्तरगतका स्थान र चितौन जिल्ला, खास चितौन, टाडी, बेलोद, काला बन्जार, माढी, संक्रोट, उत्तर कछाड, वर्धाहा प्रगन्ना आठसमेतमा हाल भ्रमण र अध्ययनसमेत गरी फर्की आई २०१०।१२। २७।६ मा गर्नुभएको रिपोटमा उक्त माथि लेखिएको मौजा प्रगन्नाहरू सरकारबाट हुने रापती विकाश योजनाको ४ जिल्लाभित्र पर्दछ भन्ने लेख्नुभएकोले उपरोक्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौजा इलाकाभित्रका र तपसीलमा लेखिएका ४ किल्लाभित्रको जग्गाहरू हाल आवादी गर्न पाऊँ भन्ने निवेदन दरखास्त नहाल्नुहोला। त्यस्तो दरखास्त पर्न आए पनि कुनै कारवाई हुनेछैन

तपसील

पूर्वपट्टि हर्नामाढी र गोठ दमार डाँडो, दक्षिणपट्टि सानो तथा ठूलो चुरिया, अम्बुवा चोकी, सोमेश्वर पर्वत, नारायणीको किनारसम्म, उत्तरपट्टि गोठ दमोर डाँडो, सुपारटार, भैरव डाँडो र अरू महाभारतका दक्षिण शाखाका पाखाहरू र नारायणगढ र मस्याङ्दि, पश्चिमपट्टि नारायणी, नारायणी र राप्तीको संगमसम्म।

आज्ञाले:—
भीमबहादुर
सेक्रेटरी— योजना विकाश तथा कृषिमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

२८३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।